जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ८५ २०७८ साल कात्तिक ९ गते मंगलबार (26 Oct. 2021 Tuesday) मूल्य रु. ५/-

**अधिक वर्षाको समयमा पानीजन्य प्रकोपको जोखिमबाट बचौं**

- बाढी पस्न सक्ने तथा डुबानमा पर्न सक्ने स्थानहरुमा पूर्व सूचना प्रणालीको व्यवस्था गरौं ।
- डुबान हुने क्षेत्रहरुमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाईप) चालु अवस्थामा राखौं ।
- बाढी तथा पानीको बहाव बढेको जानकारी दिन साईरन जडान, एस. एम. एस., सामाजिक सञ्जाल तथा आमसञ्चार माध्यमलाई तयारी अवस्थामा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सात अर्बको धानबाली... २ पृष्ठमा : साउदी अरेरिबायाको सैन्य ...४ पृष्ठमा : मिथिला कप क्रिकेट प्रतियोगितामा...

# बैंकको कम्प्युटर सिस्टममा आएको गडबडीका कारण त्रृटी भयो : प्रदेश प्रमुख महासेठ






**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।**

सनराइज बैंक लिमिटेड प्रदेश २ का प्रमुख रोहित महासेठले बैंकले कुनै ग्राहकलाई ठग्ने काम नगरेको स्पष्ट पारेका छन् ।

बैंकको राजविराज शाखामा प्रदेश प्रमुख महासेठले सोमबार संचारकर्मीहरुसँग भेटघाट गर्दै कुनै पनि ऋणीको एक पैसा पनि बढी ब्याज नलिएको भन्दै ऋण चुक्ता गर्ने बेलामा कम्प्युटर सिस्टममा प्राविधिक गडबडी आएकोले फुकुवापत्र दिइसकेर चुक्ता गरिएको ऋण वापतको ब्याज र जरिवाना लिएको जानकारी दिए ।

उनले बैंकबाट कुनै पनि ग्राहकले ऋण लिन्छ, सो बेलामा गरिने सम्झौता पत्रमा ऋण चुक्ता गरिसकेपनि भुलवस कुनै त्रृटीले ब्याज लिन छुट भएमा बैंकले सो ब्याज जहिलेपनि लिन सक्ने प्रावधान रहेको बताए ।

बैंकले ग्राहकलाई कुनै अभद्र ब्यवहार नगरेको उल्लेख गर्दै प्रदेश प्रमुख महासेठले बैंकले जहिलेपनि ग्राहक सन्तुष्ट पार्ने काम गर्ने गरेको बताए । उनले बैंकका कारण ग्राहकलाई पर्न गएको असुविधाप्रति क्षमायाचना समेत गरे ।

यसअघि सप्तरीको बोदेबरसाइन नगरपालिका ५ स्थित मनि किराना पसलका संचालक कृष्णदेव भगतले बैंकको सबै ऋण चुक्ता गरिसकेर फुकुवापत्र दिइसकेपछि पनि पुनः ब्याज र जरिवाना लिएको भन्दै आइतबार पत्रकार सम्मेलन गरि जानकारी दिएका थिए ।

पसल संचालक भगतले राजविराजस्थित सनराइज बैंक लिमिटेडमा जग्गा धितो राखी लिएको २ करोड ५० लाख ऋण झण्डै चार महिनाअघि नै चुक्ता गरि गत असार १३ गते फुकुवापत्र समेत पाइसकेको अवस्थामा बैंकले आफूलाई कुनै जानकारी नै नदिई खाताबाट ४ लाख ४७ हजार १ सय ६५ रुँपैया कट्टा गरेको बताएका थिए ।

# रिहाईको माग गर्दै जनमत पार्टीद्वारा सिटी जुलुस




**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।**

पक्राउ परेका नेता कार्यकर्ताको रिहाईको माग गर्दै जनमत पार्टी सप्तरीले पूर्वघोषित साताव्यापी आन्दोलनका क्रममा सोमबार राजविराजमा सिटी जुलुस प्रदर्शन गरेको छ ।

राजविराजस्थित पार्टी कार्यालयबाट निकालिको सिटि जुलुस नगर क्षेत्र परिक्रमा पश्चात् स्थानीय शिव मन्दिरको प्राङ्गणमा कोणसभामा परिणत भएको थियो ।

आयोजित कोणसभामा वक्ताहरुले मुद्दा चलाइएका सम्पूर्ण नेता/कार्यकर्ताहरुलाई अविलम्ब निःशर्त रिहाई गर्न माग गर्दै रिहा नगरिए अझ सशक्त आन्दोलन गर्ने चेतावनी समेत दिए ।

गत विहिवार जनमत पार्टीआवद्ध नेता/कार्यकताहरूले खानेपानी तथा ढल व्यवस्थापन आयोजना जनकपुरधामका निमित कार्यालय प्रमुख राजेश कुशवाहालाई दुर्व्यवहार गरेको भन्दै प्रहरीले १७ जनामाथि मुद्दा चलाएपछि पार्टीले घोषणा गरे साताव्यापी आन्दोलनअनुसार प्रदर्शन गरिएको पार्टीका जिल्ला सचिव थानेश्वर प्रसाद साहले जानकारी दिएका छन् ।

# चैत पहिलो साताभित्र स्थानीय निर्वाचन गर्न सरकार समक्ष सिफारिस

**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।**

निर्वाचन आयोगले आगामी चैत पहिलो साताभित्र स्थानीय तहको निर्वाचन गर्न सरकार समक्ष सिफारिस गरेको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवासँगको छलफलका क्रममा आयोगले यस्तो प्रस्ताव गरेको हो । कानून बमोजिम चैत पहिलो साताभित्र स्थानीय तहको चुनाव हुनुपर्ने निर्वाचन आयोगको ठम्याई छ ।

स्थानीय तहका निर्वाचित पदाधिकारीको कार्यकाल जेठ ५ मा सकिने बताइएको छ । त्यसभन्दा तीन महिनाअघि नै निर्वाचन हुनुपर्छ । त्यस्तै फागुनमा रिक्त हुने राष्ट्रियसभाको निर्वाचन माघको पहिलो साता गर्न आयोगले सरकार समक्ष सिफारिस गरेको छ ।

**साधारण सभा सम्बन्धी सुचना**

उपरोक्त विषयमा यस संस्थाको १० (दशौं) बार्षिक साधारण सभा तपसिलका मिति, समय र स्थानमा हुने भएको ब्यहोराको पत्र तथा प्रतिवेदन सम्पुर्ण शेयर धनी महानुभावहरुलाई पठाई सकिएको छ। कुनै कारणबस पत्र प्राप्त नभएको भए यसै सुचनालाई आधार मानी उक्त समय र स्थानमा अनिवार्य उपस्थितिको लागी हार्दिक अनुरोध गरिन्छ ।

**तपसिल**

१.मिती :- २०७८/०७/१३ गते शनिवार
२.समय :- बिहान १० बजे देखी
३.स्थान :- संस्थाको सेलर मिल राजविराज ९, मलेठ, रुपनी रोड सप्तरी

**जन ज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९, मलेठ, सप्तरी**



## सम्पादकीय

# ग्राहकको सन्तुष्टि अनुसार कार्य गरौं

सप्तरी जिल्लामा दुई दर्जन भन्दा बढीको संख्यामा बित्तिय संघसंस्थाहरु संचालनमा रहेका छन् । एक दशकअघि यस जिल्लामा तीन वटा सरकार बैंक बाहेक कुनै निजि बित्तिय संस्था रहेका थिएनन् । तर, अहिले बित्तिकय संस्थाहरु खोल्ने होडबाजी चलिरहेको अवस्थामा राष्ट्र बैंकको निर्देशन बमोजिम मुलुकको सम्पूर्ण स्थानिय तहहरुमा बित्तिय संस्था अनिवार्य खोल्नु पर्ने प्रावधान अनुरुप खोलिएको हो । यसरी खुल्ला प्रतिस्पर्धात्मक युगमा निजि बित्तिय संस्था तथा बैंकहरु खंचालनमा आउनु सकारात्मक कुरो हो । जनतालाई पायक पर्ने गरि खोलिएका बित्तिय संस्थाहरुमा उनीहरुलाई करोबार गर्न सजिलो भएको छ । सदरमुकाम राजविराजमै डेढ दर्जन निजि बैंकहरु संचालनमा रहेका छन् । जसकारण बचत गर्ने तथा ऋण लिने ग्राहकहरुलाई आफूअनुकुल सहज भएको छ । यसले बित्तिय बजारलाई समेत प्रतिष्पर्धा बनाएको छ ।

यसरी खोलिएका सबै बित्तिय संस्थाहरुले आकर्षक ब्याज दरमा बचत तथा ऋणको सुविधा उपलब्ध गराएको छ । यसले ग्राहकलाई सजिलो बनाएको छ । तर, राष्ट्र बैंकले सबै बित्तिय संस्थालाई एकरुपतामा ल्याउनु एउटै ब्याज दर तोक्न भनेपछि अहिले उनीहरुमा अन्यौलता छाएको छ । अब ती संस्थाहरुले आफ्नो ग्राहकलाई छिटो र छरितो सेवा दिने प्रलोभन देखाउँदै आफ्नो तर्फ तान्ने रणनीति बनाएको छ । तर, जिल्लामा रहेका बित्तिय संस्थाहरुले सबै ग्राहकहरुलाई सन्तुष्ट पार्न सकिरहेको छैन् । ग्राहकहरुसँग बचत गर्ने तथा ऋण दिने बेलामा एक कुरा र बचत गरिसकेपछि र ऋण दिइसकेपछि अर्को नियम देखाउँदै गर्ने गरेको ब्यबहारले बित्तिय संस्थाको छबिलाई केही धमिलो पारेको छ । यस्तो कार्यले बैकिङ क्षेत्रप्रति जनताको विश्वासलाई केहि संकोचित बनाएको छ ।

तसर्थ बित्तिय संस्थाहरुले प्रतिष्पर्धाको नाममा ग्राहकप्रति गर्ने ब्यबहारप्रति खुकुलो हुनु आवश्यक छ । उनीहरुले ग्राहकलाई आकर्षित गर्ने नाममा कुनै प्रकारको बन्देज लगाउन हुन्न् । जसले गर्दा संस्थाको छबिमा आच नपुगोस् । यसर्थ ग्राहकलाई आत्मसन्तुष्टि गर्नु नै बैंकको पहिलो लक्ष्य हो भन्ने कुरा बिर्सनु हुन्न् ।

# सात अर्बको धानबाली नष्ट

काठमाडौं, ८ कात्तिक (रासस) ।

वर्षाका कारण धानबालीमा रु सात अर्ब २२ करोड क्षति भएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव कृष्णप्रसाद आचार्यका अनुसार करिब ६८ हजार हेक्टर क्षेत्रफलमा दुई लाख ५८ हजार ९२ मेट्रिकटन परिमाणमा धानको क्षति भएको छ ।

सबैभन्दा धेरै लुम्बिनी प्रदेशका बर्दिया, कपिलवस्तु, बाँके र रुपन्देहीमा करिब ४२ हजार हेक्टरमा एक लाख ६१ हजार २२३ मेट्रिकटन धान नोक्सान हुँदा रु चार अर्ब ५१ करोड क्षति भएको छ । सुदूरपश्चिमका कैलाली र कञ्चनपुरमा करिब १८ हजार हेक्टरमा ६८ हजार ४०० मेट्रिकटन धान क्षति भएको छ । सोको बजार मूल्य रु एक अर्ब ९१ करोड हुन्छ ।

प्रदेश नं १ का झापा, मोरङ र सुनसरीमा सात हजार ४९२ हेक्टर क्षेफलमा २८ हजार ४६९ मेट्रिकटन बालीमा नोक्सान पुगेको छ । यसको बजार मूल्य रु ८० करोड हुन आउँछ । गत असोज ३१ गतेदेखि देशका विभिन्न स्थानमा भएको अविरल वर्षाका कारण विशेषगरी यस क्षेत्रका किसान समस्यामा परेका छन् । अन्य प्रदेशमा पनि केकस्तो नोक्सान भएको छ, त्यसको अभिलेख सङ्कलन गर्न मन्त्रालय मातहतका प्रदेश कार्यालयलाई जिम्मेवारी दिइएको छ ।

सम्बन्धित पक्षलाई राहत सहुलियत उपलब्ध गराउन मन्त्रालयबाट पनि अनुगमन समिति गठन गरी प्रभावित क्षेत्रमा पठाइएको प्रवक्ता प्रकाशकुमार सञ्जेलले जानकारी दिनुभयो । मन्त्रालय र प्रदेशका अधिकारीबीच समन्वय र समझदारी कायम गरी प्रभावित कृषकलाई सहयोग प्रदान गरिने जनाइएको छ । वर्षाले देशका विभिन्न स्थानमा आएको बाढी तथा डुबानले १०० भन्दा धेरै मानिसको मृत्यु भएको छ ।

विभिन्न स्थानका सडक मार्गसमेत नोक्सान भएका छन् । कृषकले धान भित्र्याउने समयमा भएको वर्षाले यस वर्ष ठूलो नोक्सानी भएकाले राष्ट्रिय उत्पादनमा समेत कमी आउने अनुमान गरिएको छ । धानलगायत अन्य बाली रोप्ने समयमा रासायनिक मलको समस्या सधैं हुने गर्दछ । मौसमका आधारमा बर्खे धान, चैते धान, भदैया धान र घैया धानसमेत उत्पादन हुने गर्दछ ।

नेपालमा अन्नबालीमा धानलाई प्रमुख बालीका रुपमा लिइन्छ । करिब दुई दशकदेखि प्रत्येक वर्ष असार १५ लाई राष्ट्रिय धान दिवसका रुपमा मनाइन्छ । मुलुकको कुल गार्हस्य उत्पादनमा करिब ३२ प्रतिशत कृषि क्षेत्रले योगदान गरेको छ । त्यसमा पनि कृषि गार्हस्थ उत्पादनमा धानको योगदान करिब २० प्रतिशत छ । खाद्य तथा पोषण सुरक्षाका दृष्टिबाट मानिसलाई आवश्यकपर्ने क्यालोरी चामलमा राम्रो हुन्छ ।

कूल जनसङ्ख्याको करिब ६५ प्रतिशत यस क्षेत्रमा आश्रित छन् । मुलकमा राम्रो धानखेती हुने क्षेत्र तराई भए पनि पहाडमा हावापानीअनुसारको स्थानीय धान उत्पादन हुने गर्दछ । उच्च क्षेत्र जुम्लालगायत केही हिमाली जिल्लामा पनि स्थानीय धानखेती हुने गर्दछ । मनाङ र मुस्ताङबाहेक अन्य जिल्लामा धानको खेती हुन्छ । देशको करिब १६ लाख हेक्टरमा धानखेती भइरहेको मन्त्रालयले जनाएको छ ।

हाल ६३ जातका धानको खेती गरिन्छ भने पछिल्लो पाँच वर्षयता करिब ५० देखि ५६ लाख मेट्रिकटन धान उत्पादन हुने गरेको अभिलेख छ । "केही दशक अगाडि हामीले विदेशमा चामल निर्यात गर्ने गरेकामा केही वर्षदेखि चामल आयात गरेका छौं", प्रवक्ता सञ्जेलले भन्नुभयो । गत वर्ष नेपालले करिब रु ५० अर्बको चामल आयात गरेको मन्त्रालयले जनाएको छ । यसले व्यापार घाटालाई बढाएको छ भने राष्ट्रिय अर्थतन्त्रलाई नकारात्मक असर पुऱ्याएको छ ।

विश्वका ११४ मुलुकमा धानको उत्पादन हुने गरेको छ । सबैभन्दा बढी धान उत्पादन गर्ने मुलुक चीन हो । विश्वमा करिब १७ करोड हेक्टर जमिनमा धान खेती गरिन्छ भने करिब ७५ करोड मेट्रिकटन धान उत्पादन हुन्छ । कूल उत्पादनको ८० प्रतिशत धान खपत एशियामा हुने गरेको छ ।

# वर्षाले सुनसरी मोरङ सिँचाइ आयोजना ठप्प

विराटनगर, ८ कात्तिक (रासस) ।

कात्तिक महिनाको पहिलो सातामा परेको बेमौसमी अविरल वर्षाका कारण सुनसरी मोरङ सिँचाइ आयोजनामा ठूलो क्षति पुगेको आयोजनाले जनाएको छ ।

यही कात्तिक १ र २ गते परेको अविरल वर्षाबाट नहरका संरचना भत्किएर तत्काल पानी सञ्चालन गर्ने अवस्था नरहेको आयोजना प्रमुख भिलानन्द यादवले जानकारी दिनुभयो ।

उहाँले सुनसरीको चतरादेखि मोरङसम्म ५३ किमी लम्बाइ रहेको चतरामूल नहरको २० शाखामा १४ वटा स्थानमा फुटेको छ । अब आउने गहुँको मौसम र तत्कालै सुरु हुने छठ पर्वका निम्ति पनि नहर सञ्चालन गर्न सकिने अवस्था नरहेको र नहरलाई तत्काल सञ्चालन गर्न रु पाँच करोड भन्दा बढी रकम आवश्यक पर्ने प्रमुख यादवले बताउनुभयो ।

अविरल वर्षाले मूल नहरकै चार ठाउँ सुनसरीको झुम्कादेखि पश्चिम ६५, ६३, सुनसरीको खनारस्थित ११४ र बडहरास्थित १२८ आरडी नराम्रो गरी भत्किएको छ । यो पूर्णरुपमा निर्माण गर्न रु १० करोड भन्दा बढी लाग्ने छ । त्यस्तै तत्काल पानी सञ्चालन गर्ने अवस्थाको बनाउन रु पाँच करोडको लागत लाग्ने प्रारम्भिक अनुमान रहेको इन्जिनियर रामकुमार चौधरीले जानकारी दिनुभयो ।

बाँकी अन्तिम पृष्ठमा

## विश्व समाचार

# साउदी अरेरिबायाको सैन्य विमानद्धारा यमनमा लगातार बमबारी

आदेन, ८ कात्तिक (रासस/सिन्ह्वा) ।

साउदी अरेबियाको सेनाको नेतृत्वमा केही दिनयतादेखि यमनको मारिब शहरमा लगातार बमबारी भएको छ । सो बमबारीमा परी भएको क्षतिको बारेमा भने केही बताइएको छैन । तर पनि निरन्तर केही दिनयतादेखि त्यहाँ बमबारी भएको अधिकारीहरुले जनाएका छन् ।

मारिब यमनका विद्रोहीहरुको कब्जामा रहेको शहर हो । उक्त शहरमा साउदी अरेबियाको सेनाले नेतृत्व गरेको सेनाले यसअघि पनि नियन्त्रण गर्दै र हवाई तथा स्थलगत रुपमा यहाँका विद्रोहीका बिरुद्धमा कारबाही गर्दै आएको यहाँका अधिकारीहरुले बताएका छन् ।

तेलको धनी मानिने यो शहर यमनका हुथी विद्रोहीहरुको कब्जामा रहेको छ । समयसमयमा यहाँको सरकारी सेनाले पनि फिर्ता लिने गरेको यो शहरमा प्रायः हुथीहरुले नै कब्जा गर्ने गरेका छन् । उनीहरुको कब्जाबाट मुक्त गर्न नै शनिबारदेखि साउदी अरेबियाको सेनाले निरन्तर रुपमा बमबारी गरिरहेको बताइएको छ । यमनमा विगतका कैयौं वर्षदेखि विद्रोहीहरुले संघर्ष गर्ने गरेका छन् ।

उनीहरुले खासगरी तेलको धनी भएकाले यही शहरमा नै कब्जा जमाउने गरेका छन् । केही समयअघि सो शहरमा साउदी अरेबिया सरकारको सेनाले गरेको आक्रमणका क्रममा कैयौं मानिस मारिएका थिए ।

# खाबी लेम कसरी टिकटकमा अत्यधिक चर्चित बने

रोम, ८ कात्तिक (रासस/एएफपी) ।

खाबी लेम टिकटकमा सबैभन्दा चर्चित व्यक्तिको सूचीमा दोस्रो स्थानमा रहेका छन् । अमेरिकी नृत्याङ्गना चार्ली डी'अमेलियोपछि टिकटक प्रख्यातीको दोस्रो स्थानमा लेमको नाम दर्ता भएको छ । उनको टिकटक खातालाई ९० करोडभन्दा बढी व्यक्तिले फलो गर्छन् र त्यसमा उनले एक अर्ब ३० करोड लाइक पाएका छन् । कैयौं व्यक्तिहरुले लेमले अमेलियोलाई पनि उछिन्न सक्ने अनुमान गरेका छन् ।

अमेलियो टिकटकमा एक अर्ब फलोअर पुऱ्याउने पहिलो व्यक्ति हुन । अहिले उनको एक अर्ब २० करोडभन्दा बढी फलोअर छन् । खावी लेम पश्चिम अफ्रिकाको सेनगलमा जन्मिनु भएको हो । २१ वर्षीय लेमको अहिले इटलीमा बसाबास रहेको छ ।

एक कारखानामा मजदुरका रूपमा काम गर्ने लेमले कोभिड १९ महामारीका कारण जागिर गुमाएपछि मार्च २०२० मा टिकटक चलाउन सुरु गरेका थिए । लेमले अन्य मानिसले गरेको कुनै कार्यलाई तुलना गर्दै यस कार्यलाई कसरी सहजै गराउने भन्ने विषयलाई जोडेर आफ्नु भिडियो देखाउने गरेका छन् ।

बिनाकारण जटिल बनाएका छन् भनेर लेमले देखाउने गरेका छन् । तर भिडिओमा उनी बोल्दैनन् । उनको अनुहारको नाटकीय भावलाई देखेर मानिसहरूलाई रमाइलो मान्छन् अनि त्यो रमाइलो भएको कुरा थाहा पाउन कुनै भाषा जान्नुपर्दैन भन्ने पनि उनको भिडियोबाट झल्किन्छ ।

# सुडानका प्रधानमन्त्रीसहित दर्जनौ नेता सेनाको नियन्त्रणमा

खार्तुम, ८ कात्तिक (रासस/एएफपी) ।

सुडानको सेनाले प्रधानमन्त्री अब्दल्ला हम्डकसहित दर्जनौ नेताहरुलाई गरिफ्तार गरेको छ । प्रधानमन्त्री हम्डकलाई अपदस्थ नै गरेर सेनाले सत्ता पनि नियन्त्रणमा लिएको विदेशी सञ्चार माध्यमहरुद्वारा जारी समाचारमा उल्लेख छ ।

संचार मन्त्रालयले प्रधानमन्त्री हम्डकलाई सेनाको नियन्त्रणमा राखिएको पुष्टि गरेको छ । सोमबार सत्ताविद्रोह गरेको सेनाले प्रधानमन्त्रीलाई पदत्याग गर्न भनेपनि उहाँले अस्वीकार गरेपछि सेनाले प्रधानमन्त्री हम्डकलाई नियन्त्रणमा लिएको हो । उहाँलाई अहिले सेनाले अज्ञात स्थलमा राखेको छ ।

नागरिक अगुवाहरु समेत सम्मिलित सुडानी सरकार र सेनाका बीचमा पछिल्लो केही समयदेखि सम्बन्धमा तिक्तता आएको थियो । सत्ता कब्जा गरेको सेनाले देशभरी इन्टरनेटलगायतका सञ्चार सेवाहरु अवरुद्ध गरेको छ । त्यसैगरी राजधानी खार्तुम ओहोरदोहोर गर्ने मुख्य सडक र पुलहरु बन्द गरिएका छन् । सेनाको कदमको विरुद्धमा प्रदर्शन समेत हुन थालेको छ भने प्रदर्शनमा सहभागीहरुलाई सेनाले गिरफ्तार गरेको छ ।

देशका विभिन्न ठाउँमा दर्जनौ प्रदर्शनकारीहरु भेला भएर सेनाको कदमको विरोध गरेका छन् । प्रदर्शनकारीहरुलाई तितरवितर पार्न सेनाले अश्रुग्यास प्रहार गर्नेलगायतका प्रतिरोधात्मक कदमहरु पनि चालेको छ । प्रदर्शनकारीहरुले सेनाले सैन्य कु गरेको बताएका छन् ।

उनीहरुले नागरिकसहितको सरकारलाई नै कार्यअधिकार दिन माग गरेका छन् । तत्कालीन राष्ट्पति बशिरको विरोधमा संगठित भएको सुडानिज प्रफेसनल एसोसिएसन र फोर्सेस फर फ्रिडम एन्ड चेन्जले सैनिक विद्रोहको प्रतिरोध गर्न आम जनता समक्ष अनुरोध गरेको छ । तत्कालीन सरकारले मुल्यवृद्धि त्यसका विरुद्धमा सन् २०१९ मा सुरु भएको आन्दोलनले त्यो सरकार ढलाएर नयाँ सरकार गठन गरेको थियो ।

प्रधानमन्त्री अब्दल्ला हम्डकको सरकार सुडानमा उत्पन्न राजनीतिक गतिरोध अन्त्यका लागि नागरिक स्तरको संक्रमणकालीन सरकारका रुपमा गठन भएको थियो । सर्वपक्षीय सहमतिमा बनेको नागरिक र सैन्य अधिकारीसहितको संयुक्त सरकारलाई समेत अहिले सेनाले अपदस्त गरेको हो ।

नागरिक अगुवासहितको सरकारलाई अपदस्त गरेकोप्रति अन्तर्राष्ट्रिय समुदायबाट पनि चर्को विरोध भएको छ । संयुक्त राज्य अमेरिकाले सुडानी सेनाले गरेको सत्ताविद्रोह प्रति आपत्ति जनाएको छ । सुडानका लागि अमेरिकी दूत जेफ्री फेल्टम्यानले विज्ञप्ति प्रकाशन गरी नागरिक सरकारप्रतिको सुडानी जनताको चाहनालाई सैनिक विद्रोहले कुठाराघात गरेको उल्लेख गर्नु भएको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राजगढ गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
नर्हो, सप्तरी
प्रदेश नं २, नेपाल

प.स :- ०७८।०७९ मिति :- २०७८।०७।०९
च.न :-

**विषय :- वडा नं ४ को पोखरी ठेक्काको शिलबन्दी बोलपत्र आहवानको सूचना ।**
**प्रथम पटक प्रकाशित मिति : २०७८।०७।०९**

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस गाँउपालिकाको स्वामित्व र संरक्षणमा रहेको राजगढ वडा नं. ४ को तपसिलमा उल्लेखित पोखरीहरुको मत्स्य पालन गर्न आ.व ०७८।०७९ देखी ३ वर्षका लागी ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले उक्त ठेक्का लिन इच्छुक व्यक्ति, फर्म, संघ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रितपुर्वक सिलबन्दी बोलपत्र आहवान गरिएको छ । यो सूचना पहिलो पटक प्रकाशित भएको मिति २०७८।०७।०९ गते देखी २०७८।०७।१५ गते कार्यालय समय भित्र रु १०००।०० अक्षरेपी एक हजार ( फिर्ता नहुने) तिरी बोलपत्र फारम खरिद गर्न सकिने छ । खरिद गरिएको बोलपत्र फारम सक्कलै २०७८।०७।१६ गते दिनको १२:०० बजे भित्र सिलबन्दी गरी यस गाँउपालिकामा दर्ता गराउनु पर्ने छ । पर्न आएको सिलबन्दी बोलपत्र फारमहरु सोही दिनको २:०० बजे रितपुर्वक खोलिने छ ।

### शर्त तथा बन्देजहरु

१. आ.व २०७८।०७९ देखि ३ वर्षका लागी तपसिलका पोखरीको ठेक्काको न्युनतम रकम भन्दा माथि सबै भन्दा बढी रकम कबोल गर्ने सारभुत रुपमा प्रभावग्राही बोलपत्र दातालाई नियमानुसार तीन वर्षका लागि ठेक्का दिइ चलन गर्न दिइने छ ।
२. गाँउपालिकालाई तिर्न बक्यौता रहेको, पेश्की तथा बेरुजु रहेको, गाँउपालिकाले कालो सूचिमा राखी रोक्का राखेको व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यहरुले ठेक्का लिन पाउने छैन । बोलपत्रदाताको घरमा अनिवार्य शौचालय हुनुपर्ने छ ।
३. प्राप्त बोलपत्रहरु मिति २०७८।०७।१६ गते अपरान्ह दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । सो समय बोलपत्रदाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित हुनुपर्ने छ । उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
४. बोलपत्र दिने व्यक्ति नेपाली नागरिकले बोल रकमको ५% प्रतिशतले हुने धरौटी रकम यस गाँउपालिका कार्यालयको नेपाल एस.बि.आई बैलही चपेनामा रहेका धरौटी खाता हि.नं. ४३४२५२४०६०००००८ मा जम्मा गरी सो को सक्कलै भौचर बोलपत्र साथ दाखिला गर्नु पर्ने छ ।
५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार गा.पा.को कार्यालयमा सुरक्षित रहने छ ।
६. सदर हुने बोलपत्रदाताले ठेक्का अंकको दामासाहिले हुने धरौटी बाहेकको ३ वर्षलाई कबोल गरेको रकमको बार्षिक दामासाहीले हुने रकम मध्ये पहिलो किस्ता (बार्षिक हुन आउने रकम) सम्झौता गर्दा नै अग्रिम रुपमा बुझाउनु पर्ने छ । बाँकी रकम प्रत्येक वर्ष श्रावण मासान्त भित्र गा.पा मा अग्रिम रुपमा बुझाउनु पर्ने छ । तोकिएको समयमा किस्ता रकम चुक्ता नगरिएमा प्रतिदिन रु ३००।- (तीन सय) विलम्ब शुल्क लाग्ने छ । विलम्ब शुल्क सहित थप ३० दिनको ठेक्का रकम चुक्ता गर्ने अवधी रहने छ । सो अवधि सम्म पनि ठेक्का रकम चुक्ता नगरेमा ठेकेदार र गाँउपालिका बिच भएको सम्झौता स्वत भंग भएको मानी सरकारी बाँकी सरह बक्यौता रकम असुल उपर तर्फ नियमानुसार कारवाही अगाडी बढाउने छ । सम्झौता गर्दा दाखिला गरेर बाँकी रकमको हकमा ठेक्का बाँकी अवधिको म्याद भएको परफरमेन्स वण्ड (बैंक ग्यारेन्टी वा गाँउक्षेत्र भित्रको धन तथा जेथा जमानी) दिनु पर्ने छ ।
७. ठेकेदारले राखेको बैंक ग्यारेन्टी रकम गाँउपालिकाले जुनसुकै बखत माग गरी आफनो बक्यौता रकम असुलउपर गर्न सक्ने छ ।
८. ठेक्का चलनको सम्बन्धमा अदालत, गाँउपालिका, स्थानीय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशन बिनाशर्त पालना गर्नुपर्ने छ । सो पालना गर्दा कुनै क्षती, हानी नोक्सानी भयो भने गाँउपालिका समक्ष माग दाबी ठेकेदार गर्न पाउने छैन ।
९. ठेक्का चलन गर्दा प्रचलित नेपाल कानुन ( संघिय, प्रदेश तथा स्थानीय सरकार) बमोजिम गर्न गराउनु पर्ने छ । सो अनुसार नगरेमा ठेकेदार नै स्वत जिम्मेवारी हुनेछ ।
१०. ठेक्का चलनमा कुनै गलत वा अबैधानिक प्रकृया अपनाएको पाइएमा बढीमा ३ पटक सम्म गाँउपालिकाले सचेत गराउने छ । सो गर्दा पनि अटेरी गरेमा गाँउपालिकाले ठेक्का तोडी नियामानुसारको कारवाहीका लागी प्रकृया अगाडी बढाउने छ ।
११. नेपाल सरकारलाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुर रकम ठेकेदारले नै बुझाउनु पर्ने छ ।
१२. कुनै किसिमको हडताल, बन्द, चक्काजाम वा बाढि पहिरो आदि भएका दिनको वा क्षति विवरण खुलाई रकम मिन्हा माग्ने पाइनेछैन ।
१३. स्वीकृत बोल रकम एक मुष्ठ जम्मा गरेमा कबोल अंक रकमको १० (दश) प्रतिशत छुट हुने छ ।
१४. पोखरीको माछा झिक्दा बिषादिको प्रयोग गर्न पाउने छैन, उक्त पोखरी सफा सुघर राख्नु पर्ने छ । पोखरीमा नुहाउने र पानी लिन, प्रचलित संस्कार मनाउन मनाहि गर्न पाउने छैन ।
१५. पोखरी हाल जुन अवस्थामा छ, सोहि अवस्थामा ठेक्का संचालन गर्नु पर्नेछ र पछि बाढि वर्षा वा अन्य कुनै प्रकारले पोखरीको डिल भत्केमा वा टुटेमा ठेकेदारले स्वयम मर्मत गरी माछा पालन गर्नु पर्नेछ । सो मा लाग्ने खर्च गा.पा. ले ब्योहोर्ने छैन । पोखरीको सुन्दरतामा अभिवृद्धि गरि सफा सुग्घर राख्नु पर्नेछ ।
१६. ठेक्का चलन गर्दा विवाद परेमा त्यसको सामाधान ठेकेदारले गर्नुपर्नेछ ।
१७. वर्तमान अवस्थामा पोखरीमा भएको माछामा कुनै किसिमको दावी गर्न पाईने छैन ।
१८. ठेकेदार र गाँउपालिका कार्यालय बिच विवाद उत्पन्न भएमा राजगढ गाँउपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुने छ ।
१९. कुनै पनि बाहाना वा कारण देखाई ठेक्का रकम मिनाह, छुट ठेकेदारले दावी वा माग गर्न पाउने छैन ।
२०. यस सुचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचालित ऐन कानुन बमोजिम हुने छ ।
२१. बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।

**तपसिल**

| सि.न | पोखरीको नाम | स्थान | न्युनतम ठेक्का रकम | कैफियत |
|---|---|---|---|---|
| १ | डबरा पोखरी | राजगढ - ४ | ३१०००।०० | साबिक बेल्हीचपेना १ |
| २ | गाम बला पोखरी | राजगढ - ४ | ५१०००।०० | साबिक बेल्हीचपेना १ |
| ३ | कब्रिस्तान पोखरी | राजगढ - ४ | ६१०००।०० | साबिक बेल्हीचपेना २ |
| ४ | नहरी पोखरी | राजगढ - ४ | १२१०००।०० | साबिक बेल्हीचपेना ४ र ५ |
| ५ | चौधरी पोखरी | राजगढ - ४ | १६०००।०० | साबिक बेल्हीचपेना ३ |
| ६ | बरकी पोखरी पुर्णी | राजगढ - ४ | १२१०००।०० | साबिक बेल्हीचपेना ३ |
| ७ | गुठी पोखरी | राजगढ - ४ | ३१०००।०० | साबिक बेल्हीचपेना ८ |
| ८ | चेथवार पोखरी | राजगढ - ४ | ३१०००।०० | साबिक बेल्हीचपेना ८ |
| ९ | भिरवार पोखरी | राजगढ - ४ | ५१०००।०० | साबिक बेल्हीचपेना ८ |
| १० | डबरा पोखरी | राजगढ - ४ | १६०००।०० | साबिक बेल्हीचपेना ८ |
| ११ | चबचा पोखरी | राजगढ - ४ | १६०००।०० | साबिक बेल्हीचपेना ९ |
| १२ | भैया मडर लबका पोखरी | राजगढ - ४ | ४१०००।०० | साबिक बेल्हीचपेना ९ |
| १३ | गुदराही पोखरी | राजगढ - ४ | ६१०००।०० | साबिक बेल्हीचपेना ७ |
| १४ | बाबा डबरी गुठी पोखरी | राजगढ - ४ | ११०००।०० | साबिक बेल्हीचपेना ७ |

**रमेश प्रसाद यादव**
**प्रमुख प्रशासकीय अधिकृत**

# मिथिला कप क्रिकेट प्रतियोगितामा पर्सा र धनुषा बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।**

राजविराजमा जारि तेस्रो संस्करणको मिथिला कप क्रिकेट प्रतियोगीताको दोस्रो दिनको खेलमा पर्साले मोरङलाई ५४ रनले तथा डि.आर.सि.ए. धनुषाले सिरहालाई ७ विकेटले पराजित गरेको छ ।

युवा शक्ति क्लव विष्णुपुर ६ द्वारा संचालित उक्त प्रतियोगिता अन्तरगत सोमबारको पहिलो खेलमा टस जितेर युनाईटेड क्रिकेट क्लव पर्साले निर्धारित २० ओभरमा १० बिकेट गुमाई १ सय ३८ रनको योगफल खडा गरेको थियो ।

जसमा टिमका लागि इमरान सेक ३२ रन, असब मंसुरी ३० रन तथा नरेश गिरी १४ रनको योगदान गरेका थिए । बलिंगतर्फ बिराटनगर स्पोटीङ क्लव, मोरङका मेहबुब इराकी ३ विकेट, सौगात भगतले २ विकेट तथा फिरदोस अंसारी, मिनस थापा, बिधान गोसामी समान १-१ विकेट हात पारेका थिए ।

जवाफमा बिराटनगर ले १७ ओभर ५ बलमा आफ्नो विकेट गुमाउदै ८३ रनमै अल-आउट हुन पुग्यो । जसमा विराटनगरका लागी मुकुन्द यादव २० रन, निरज मुखिया १८ रन र सिदान्त लोहनी १४ रनको योगदन दिएका थिए । बलिँग तर्फ पर्साका अलफाज मंसुरी ३ विकेट तथा साइफल, समसाद, राजा र नसरुदिन समान १-१ विकेट हाथ पारे । सो खेलको म्यान अफ दि म्याच युनाईटेड पर्साका अलफाज घोषित भए ।

यसैगरी सोमबारै सम्पन्न दोस्रो खेलमा सिरहालाई ७ विकेटले पराजित गर्दै धनुषा बिजय भएको छ । टस जितेर ब्याटिङ रोजेको सिरहाले निर्धारित २० ओभरमा७ विकेट गुमाई १०१ रनको योगफल खडा गरेका थियो । जसमा दिपेश दास ३० रन, शैलेन्द्र साह २४ रन र अमित मण्डल १५ रन जोडेका थिए ।

बलिंगतर्फ डि.आर.सि.ए. धनुषाका सैमन राय ३ विकेट, अकाश राय र बिशालले जम्मा २-२ विकेट तथा दिव्यान्सु मलिकले १ विकेट हाथ पारेका थिए । जवाफमा १ सय १ रनको लक्ष्य लिएका डि.आर.सि.ए. धनुषा ले १७ ओभर ३ बल खेल्दै बिजय हात पारेको थियो ।

जसमा हिमांसु दत अविजित रहदै ३६ रन जोडे भन्ने रौनक रतन २१ रन तथा बिशाल सुस्लीङ्गले १९ रनको योगदान दिएका थिए । बलिँग तर्फ सिरहाका मनोज यादव २ विकेट तथा सुमन १ विकेट हात पारेका थिए । सो खेलमा बिजय टिमका सैमन्न राय म्यान अफ दि म्याच घोषित भए ।

### *वर्षाले सुनसरी...*

नहरको अवस्थाका बारेमा आयोजना प्रमुख यादवले भर्खरै बाढी प्रभावित क्षेत्र अवलोकन एवं निरीक्षण गर्न आउनुभएका प्रधानमन्त्री शेरबहादुर देउवालाई प्रमुख जिल्ला अधिकारी काशीराज दाहालमार्फत जानकारी गराइसकिएको छ । किसानलाई राहत एवं कृषि कार्य सहज बनाउन नहर मर्मतसम्भारको विकल्प नरहेको आयोजना प्रमुख यादवको भनाइ छ ।

सन् १९७० मा निर्माण सम्पन्न भएको सो नहरका सबै संरचना विस्तारै जीर्ण हुँदै गएकोले यो संरचनालाई जोगाउन र किसानलाई खेती गर्नबाट वञ्चित हुन नदिन वृहत योजनाको आवश्यकता रहेको आयोजनाले जनाएको छ ।

# एक लाख मात्रा फाइजर खोप हस्तान्तरण

काठमाडौँ, ८ कात्तिक (रासस) ।

नेपाल सरकारलाई अमेरिकी सरकारले आज कोरोना भाइरसविरुद्धको खोप 'फाइजर' प्रदान गरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा आयोजित कार्यक्रममा स्वास्थ्य सचिव डा रोशन पोखरेललाई अमेरिकी सहयोग नियोग नेपालका निर्देशक सेपिडे केभान्साडले हस्तान्तरण गर्नुभयो । स्वास्थ्य सचिव डा पोखरेलले खोपले कोरोना भाइरस नियन्त्रण र रोकथाम गर्न सरकारलाई सहयोग हुने बताउनुभयो ।

उहाँले अमेरिकाले उपलब्ध गराएको खोप १२ वर्षभन्दामाथिका दीर्घरोगीलाई लगाइने जानकारी दिनुभयो । नियोगका नेपालस्थित निर्देशक केभान्साडले खोप नेपाललाई दिन पाएकामा खुसी व्यक्त गर्दै उहाँले नेपाललाई भविष्यमा फाइजर खोपका लागि थप मात्रा प्राप्त गर्न सहज हुने बताउनुभयो ।

नेपाललाई अमेरिकाले एक लाख ६२० मात्रा खोप उपलब्ध गराएको हो । उक्त खोप कोभ्याक्स सुविधाअन्तर्गत अमेरिकाले उपलब्ध गराएको हो । यसअघि अमेरिकाले नेपाललाई जोन्सन एण्ड जोन्सन खोप उपलब्ध गराएको थियो ।

मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले फाइजर खोप १२ वर्षभन्दा माथिका मुटु, मिर्गौला, दम जस्ता दीर्घ रोगीलाई दिइने जानकारी दिनुभयो । उहाँका अनुसार उक्त खोप छठपछि देशका विभिन्न २३ अस्पतालबाट ती दीर्घरोगीलाई दिइनेछ ।

खोपलाई अहिले टेकुस्थित स्वास्थ्य सेवा विभागको भण्डारणमा राखिएको छ । सरकारले बालबालिकालाई अमेरिकाबाट ६० लाख मात्रा फाइजर र ४० लाख मात्रा मोडर्ना खोप ल्याउने तयारी गरेको छ ।

# अमानविय क्रियाकलापप्रति डिनको भर्त्सना

**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।**

डिप्लोमा इन्जिनियर्स एशोसिएशन नेपाल (डिन) जिल्ला कार्य समिति सप्तरीले संघीय खानेपानी तथा ढल व्यवस्थापन योजना कार्यालय जनकपुरधामका निमित्त आयोजना प्रमुख इन्जिनियर राजेश कुशवाहामाथी गरिएको अमानविय क्रियाकलापप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

डिनका जिल्ला अध्यक्ष केवल दासद्वारा जारि विज्ञप्तिमा आफ्नो कार्य क्षेत्रमा कार्य गर्दै आएको राष्ट्र सेवक कर्मचारीमाथी केही संगठनको नाममा हुलउजतसहित गरिएको अमानविय र अपराधिक क्रियाकलापप्रति भर्त्सना गरेको जनाइएको छ ।

सो विज्ञप्तिमा घटनामा संलग्न दोषिमाथी यथासिघ्र कडा कारवाहीको माग समेत गरिएको छ ।

# अवैध रुपमा नेपाल प्रवेश गरेका अफगानी नागरिकलाई अध्यागमन विभागमा बुझाइयो

**दैनिक समाचारदाता**
**काठमाडौं, ८ कात्तिक ।**

तालिबान नेतृत्वले अफगानिस्तानको सत्ता सम्हालेपछि त्यहाबाट भागेर भारत हुँदै नेपाल प्रवेश गरेका ११ अफगानी नागरिकलाई सोमबार काठमाडौंस्थित सिनामंगलबाट पक्राउ गरिएको छ ।

पक्राउ पर्नेहरुमा अमनुल्लाह मोहम्मदी, अजमल सरिफी, अकम जाजाइ, रोमल होटक, इसनुल्लाह हसेमी, इमरान अलि जादा, मोहम्मद जमराइ सनिकजाई, नजिफा स्तानिकजाइ, मिस्बाह जैनव स्तानिकजाइ, नुरुल हाया स्तानिकजाई, मोहम्मद रायन स्तानिकजाई छन् ।

पक्राउ परेका सबैलाई अध्यागमन विभागमा बुझाइएको छ । अवैध रुपमा नेपाल प्रवेश गरेकाले उनीहरुलाई अध्यागमन ऐन अनुसार कारबाहीका लागि विभागमा बुझाइएको जनाइएको छ ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


# राजनीतिक दलहरुबीच सहमति भएमात्र एमसीसी पास हुन्छ : परराष्ट्रमन्त्री खड्का

उदयपुर, ८ कात्तिक (रासस) ।

परराष्ट्रमन्त्री डा नारायण खड्काले राजनीतिक दलहरुबीच सहमति भएमात्र एमसीसी पास हुने बताउनुभएको छ ।

नेपाल प्रेस युनियनले आज जिल्ला सदरमुकाम गाईघाटमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, "अहिले देशमा वर्तमान सरकारको माझ सबैभन्दा बढी चर्चाको विषय र पेचिलो भएर उठेको विषय एमसीसी भएकाले एमसीसी पास गर्नु आवश्यक छ, तर यसका लागि राजनीतिक दलहरुको सहमति बिना पास गर्न सम्भव छैन, त्यस कारण सबै दलहरुबीच छलफल गरेर सहमति भएमात्र एमसीसी पास हुन्छ ।"

एमसीसी पास गर्न वर्तमान गठबन्धन सरकारले गठबन्धन भित्र नै व्यापक छलफल गर्ने र प्रतिपक्षमा रहेको नेकपा (एमाले)बीच पनि छलफल गरेर सहमति भए तत्कालै एमसीसी पास हुने मन्त्री खड्काले बताउनुभयो ।

उहाँले त्रियुगा नदी कटान नियन्त्रण गर्न आफ्नो पहलमा त्रियुगा नदी कटान नियन्त्रण आयोजना नै स्थापना गरेको र रु आठ अर्ब बजेट विनियोजन गरिएको जानकारी गराउनुभयो । उहाँले यस आर्थिक वर्षमा रु दुई अर्ब बजेट परिचालन गरेर नदी कटान नियन्त्रण गर्न लागिएको बताउनुभयो ।

यस्तै त्रियुगा नगरपालिका-१ जोगीदहमा निर्माण गर्ने भनिएको सगरमाथा हवाई मैदान निर्माणका लागि वर्तमान सरकारले स्वीकृत गरेर बजेट व्यवस्थानको तयारी गरिएको उहाँले जानकारी दिनुभयो । सुनसरीसहित प्रदेश नं १ का विभिन्न जिल्लाको भ्रमण गर्दै मन्त्री खड्का शनिबार उदयपुर आइपुग्नुभएको हो ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*